नेपाली राजदूतावास
Embassy of Nepal
Brussels, Belgium

## नेदरल्याण्ड्सको एम्स्टर्डममा घुम्ती शिविर संचालन सम्बन्धी सूचना

नेपाली राजदूतावास, ब्रसेल्सद्वारा नेदरल्याण्ड्समा बसोबास गर्नुहुने नपाली नागरिकहरूको सुविधालाई मध्यनजर गर्दै यही मिति २१ जुन २०२६ तदानुसार २०८३/०३/०७ मा नेदरल्याण्ड्सको एम्स्टर्डमा राहदानी तथा कन्सुलर सेवा सम्बन्धी घुम्ती शिविर सञ्चालन गर्न लागिएको व्यहोरा जानकारी गराइन्छ। एक वर्षभित्र राहदानीको म्याद सकिने नेदरल्याण्ड्समा बस्दै आउनुभएका नेपाली नागरिकहरूलाई आवश्यक कागजातहरू साथमा लिई तल उल्लखित स्थानमा उपस्थित भई सेवा लिनुहुन हार्दिक अनुरोध गरिन्छ।

**प्रदान गरिने सेवाहरू**

१. विद्युतीय राहदानी नविकरणका लागि Live enrolment कार्य: सेवाग्राहीले फारामको PDF प्रिन्ट ल्याउनुपर्ने
२. नाबालकको राहदानी (नयाँ आवेदन तथा नविकरण): नेपालबाट जारी गरिएको नाबालक परिचयपत्र अथवा नेदरल्याण्ड्सको परराष्ट्र मन्त्रालयबाट प्रमाणित गरिएको जन्मदर्ता अनिवार्य रहेको
३. जन्म दर्ता: राहदानी आवेदन दिने समयमा
४. यात्रा अनुमति पत्र
५. कागजात प्रमाणीकरण
६. भिसा

अन्य जानकारीका लागि राजदूतावासको वेवसाइट https://be.nepalembassy.gov.np/ मा हेर्नुहुन अनुरोध छ।

राहदानी फाराम: https://emrtds.nepalpassport.gov.np/ (फाराम निःशुल्क भर्न सकिन्छ)

घुम्ती शिविर हुने ठेगाना: Tolhuistuin (In the garden cafe of Tolhuistuin), Tolhuisweg 3, 1031 CL Amsterdam
सम्पर्कका लागि: सुदिप अधिकारी (+३२ ४९३८४३३२९)

पुनश्च: नेपाल सरकार/नेपाली राजदूतावासबाट निर्धारित राजश्व बाहेक कही, कतै पनि रकम नबुझाउन र नलिन तथा उक्त राजश्व पनि सम्बन्धित स्थानमा मात्र बुझाउन लगायत राहदानी प्रक्रियाका लागि सहयोग गर्ने नाममा कुनै पनि प्रकारको अनुचित लाभ लिनेहरूलाई कानूनबमोजिमको कार्वाही गरिने व्यहोरा समेत जानकारी गराईन्छ।